शहीदनगर नगरपालिका

## माछा क्लस्टर परिचालक भर्ना सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति: २०७८।०९।०७

यस श.न.पा.को "माछा क्लस्टर विकास कोष सञ्चालन कार्यविधि २०७८" कार्यान्वयनका लागि ग्रामीण उद्यम तथा विप्रेषन आयोजना "समृद्धि" र शहीदनगर नगरपालिका विच मिति २०७८ साल साउन महिना ०१ गते शुक्रवारका दिन भएको द्विपक्षीय समझदारी अनुसार यस नगरपालिकामा माछा क्लस्टर विकास सम्बन्धि क्रियाकलापहरुको सहजिकरणका लागि तपसिलमा उल्लेखीत योग्यता भएका इच्छुक उम्मेदवारहरु लाइ सेवा करारका लागि आवेदन गर्न सुचना प्रकाशन भएको मितिले १५ पन्ध्र दिनको कार्यालय समय भित्र नगरपालिकाको कार्यालयमा निवेदन दिन आवह्वान गरिन्छ ।

<u>तपशिल</u>

| क्र.स. | क्षेत्रहरु | विवरण |
|---|---|---|
| १ | विज्ञापन नं. | ०७।२०७८।०७९ |
| २ | आवेदन गर्ने पद र संख्या | **माछा क्लस्टर परिचालक संख्या (१) एक** |
| ३ | कार्यक्षेत्र एवम् कार्यस्थल | शहीदनगर नगरपालिका भित्रका माछा उत्पादन क्षेत्रहरु र माछा उत्पादक किसान, व्यापारी एवंम भुरा उत्पादक किसानहरु लाई सेवा प्रदान गर्ने । |
| ४ | आवेदकको न्युनतम योग्यता | क) यस नगरपालिका भित्र स्थाई बसोवास गरिरहेका यसै नगरपालिकाको स्थानिय विवाहित महिला नागरीक ।<br>ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ सम्मको शैक्षिक योग्यता भएको अथवा बजारोन्मुख कृषि व्यावसायिकरण क्षेत्रको कम्तिमा १ बर्षको अनुभव रहेको ।<br>ग) अंग्रेजी, नेपाली र स्थानिय भाषामा राम्रो बोल्ने र लेख्न सक्ने, प्रतिवेदन लेखन र कम्प्युटरको ज्ञान सीप भएको ।<br>घ) कुनै सवारी साधन चलाउने सिप भएको जस्तै साईकल वा मोटर साईकल । |
| ५ | आवेदनको लागि आवश्यक कागजातहरु एवंम प्रक्रिया | अध्यावधि गरिएको व्यक्तिगत विवरण (CV) र नागरिकता प्रमाण पत्र संलग्न गरिएको निवेदन । आवेदनको फार्म नगरपालिकाको वेवसाइटमा राखिएको छ । विस्तृत जानकारीको लागि शहीदनगर नगरपालिकाको वेवसाइटमा राखीएको माछा क्लस्टर परिचालकको TOR हेर्नुहोस । |
| ६ | छनौटको विधि | अन्तरवार्ता (नोट: छोटो सुचिमा परेको योग्य उम्मेदवार कम्तिमा ३ जना र बढीमा ६ जना लाई मात्र अन्तरवार्ताको लागि वोलाइनेछ ।) |
| ७ | आवेदन शुल्क | रु.४००। (अक्षरेपी पाँच सय मात्र) |

..............................
शत्रुघ्न यादव
प्रमुख प्रशासकिय अधिकृत

..............................
उदय कुमार वरवरिया यादव
नगर प्रमुख

Scanned with CamScanner

## माछा क्लस्टर परिचालक सन्दर्भका सर्तहरु एवम् भर्ना प्रक्रिया

शहीदनगर नगरपालिका

| | |
|---|---|
| **१. भर्ना प्रक्रिया** | :- माछा क्लस्टर परिचालकको भर्ना गाउँपालिकाको कार्यालयले तोके अनुसारको सेवा करारको भर्ना प्रक्रिया अनुसार हुनेछ । यदि दात्र निकायको सहयोग भए दात्र निकायले तोके अनुसार हुनेछ । |
| **२. पद** | :- माछा क्लस्टर परिचालक |
| **३.पद संख्या** | :- प्रति ३०० जना माछा किसानहरु सम्मका लागि एक जना |
| **४.कार्य अबधी** | :- कम्तीमा एक वर्ष |
| **५.कार्यस्थल** | :- नगरपालिकाको कार्यालय र माछा क्लस्टरहरु |
| **६.सुपरिवेक्षक** | :- माछा क्लस्टर अनुगमन तथा योजना तर्जुमा उप समितिको सचिब |
| **७.सम्झौताको प्रकार** | :- सेवा करार । सन्तोषजनक कार्य सम्पादन भएको आधारमा समितिले कार्य अवधि थप गर्न नगरपालिका लाई सिफारिस गर्न सक्नेछ । |

**८. परिचालकको लैङ्गिक अवस्था:** महिला (दलित वा पिछडिएको वर्गका महिलालाई प्रथमिकता दिनेछ ।)

**९. भूमिका र कार्यको उद्देश्य:**

माछा क्लस्टर परिचालक उप समितिको सचिब मातहतमा नगरपालिका भित्रमाछा क्लस्टर विकाससंग सम्बन्धीत व्यावसायिक कार्यहरूको योजना बनाउने, वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान तालिम संचालन, कार्यान्वयन तथा अनुगमन, सुचना संकलन तथा प्रविष्टी गर्ने, प्राविधिक मार्गदर्शन एवम् अन्य आबश्यक सहयोग प्रदान गर्ने कार्य गर्नेछ । उन्ले माछा सम्बद्ध सबै सरोकारवाला, क्लस्टर विकास समिति र नगरपालिका विच समन्वय र सहकार्यको वातावरणलाई प्रवर्धन गर्नेछ ।

**१०. माछा क्लस्टर परिचालकको अन्य काम, कर्तव्य र जिम्मेवारी:**

क. माछा उत्पादक किसानहरुको पहिचान,समूह गठन एवम् परिचालन गर्न र क्लस्टर विकासका लागि बजार आवश्यकताहरू पूरा गर्न निजी क्षेत्रको साझेदारीमा समग्र माछा क्षेत्र विकासको लागि महत्वपूर्ण अवरोधहरू सम्बोधन गर्ने साथै उपयुक्त लगानिका क्षेत्रहरु पहिचान गर्ने ।

ख. माछा किसानहरुको वित्तीय शाक्षरता र व्यावसायिक ज्ञान अभिवृद्धिका लागि वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान तालिम संचालन गर्ने ।

ग. वित्तीय पहुँच वृद्धि गर्नका लागि आवश्यक कार्यहरु जस्तै व्यवसायिक ऋण तथा बिमामा पहुँच वृद्धि आदी ।

घ. नियमितरुपमा माछा किसानहरुको “किसान डयरी अध्यावधिक” गर्ने तथा सुचना संकलन एवम् नगरपालिकाले तोकेको सुचना प्रणालिमा प्रविष्ठी गर्ने ।

ङ. किसान र निजी सेवा प्रदायकहरू सहितलाईमाछा उत्पादन संग सम्वन्धीत उत्पादन / उत्पादन इतरसँग सम्बन्धीत पक्षहरूमा तालिमहरुको आयोजन गर्ने । किसान, किसान समूह, सहकारी र माछा व्यवसाय सहयोग लाई टेवा दिने सेवाहरू सञ्चालन गर्न प्राविधिक सहयोग प्रदान गर्ने ।

च. बजार माग अनुसारको उत्पादन लक्ष्यहरू पूरा गर्न गुणस्तरीय भुरा तथा अन्य सामग्रिहरुको आपूर्ति सुनिश्चित गर्न निजी क्षेत्रसँग समन्वय गर्ने ।

छ. नगरपालिका स्तरका माछा प्रविधिक सेवा प्रदायकहरुबाट माछा उत्पादन समूहमा गुणस्तरीय प्राविधिक सेवाहरू प्रदान गर्न आवश्यक समन्वय र सहयोग गर्ने ।

शत्रुघ्न यादव
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

शहिदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
प्रदेश नं. २, नेपाल
२०७३

ज. निजी क्षेत्र / व्यापारीहरूको माग अनुसारका गुणस्तर तथा उत्पादन लक्ष्य हासिल गर्न क्लस्टरमा बजारोन्मुख माछा उत्पादन योजना विकासका लागि उत्पादक किसान समूहहरुलाई सहयोग गर्ने।

झ. बजार आवश्यकताहरू पूरा गर्नका लागि संकलक र माछा व्यवसायीहरूलाई प्रत्यक्ष सहकार्य निर्माण गरि व्यवस्थित गर्ने र माछा सम्बद्ध सबै कर्ताहरूबीचको सम्बन्ध बढाउन वित्तीय र प्राविधिक सेवा सुदृढ गर्ने।

ञ. वि२वि/वि२एस संचालनको माध्यमले वस्तु खरिद तथा व्यवासयियक सेवा सम्झौता गराउन सहजीकरण गर्ने।

ट. उत्पादक समूहहरूलाई उत्पादन सामग्रीहरुको सामूहिक खरिद एवम् उत्पादीत माछाको सामूहिक बिक्रीको अभ्यास गर्न सहयोग गर्ने साथै माछा संकलन केन्द्रको संचालनको लागि सहयोग र समर्थन गर्ने।

ठ. पालिक स्तरी माछा सम्बद्ध बहुसरोकारवालाहरुको कार्याशाला गोष्ठी संचलन गर्ने।

ड. माछा क्लस्टर विकासका लागि वार्षिक बजेट तथा कार्यक्रमको मश्यौदा तर्जुमा गरी उप समितिमा पेश गर्ने र गाउँपालिकाले स्वीकृत कार्यक्रमहरु संचालन गरी निर्दिष्ठ खाकामा प्रतिवेदन उप समितिमा पेश गर्ने।

ढ. माछा क्लस्टर विकाससंग सम्बन्धीत सबै गतिविधिहरूको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न आवश्यक सुचना संकलनगर्ने साथै क्लस्टर विकास प्रतिवेदन तयार गर्ने।

ण. ज्ञान व्यवस्थापनकालागि शिकाईहरू, राम्रो अभ्यासहरूर केसहरूको अध्ययन गरी अभिलेख राख्ने।

त. नगरपालिकाको निर्धारित ढाँचामा माछा कलस्टरु अनुगमन तथा योजना तर्जुमा उप समिति सचिबलाई नियमितरुपमा प्रतिवेदन पेश गर्ने।

थ. उप समितिको सचिब एवम् संयोजक बाट निर्देशित अन्य गतिविधिहरू गर्ने गराउने।

**११. शैक्षिक योग्यता, क्षमता र कार्य अनुभव**

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ सम्मको शैक्षिक योग्यता भएको अथवा बजारोन्मुख कृषि व्यावसायिकरण क्षेत्रको कम्तिमा १ बर्षको अनुभव रहेको।

ख. अंग्रेजी र नेपाली दुबैभाषामा राम्रो बोल्ने र लेख्न सक्ने, प्रतिवेदन लेखन र कम्प्युटर सीप भएको।

ग. कुनै सवारी साधन चलाउने सिप भएको जस्तै साईकल वा मोटर साईकल।

**१२. प्राथमिकता दिइनेछ:-** उद्यम विकास सहजकर्ता, बजारीकरण, बजार सम्बन्ध विकास एवम् माछाक्षेत्रको बजार विस्तार सम्बन्धी गतिविधिमा संलग्न र मोटर साईकल चलाउन सक्ने महिला उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ

**१३. लाभ र पारिश्रमिक:**

क. महिनाको पारिश्रमिक ने.रु. २२५००।- (अक्षेरेपि रुपियाँ बाईस हजार पाँच सय मात्र) हुनेछ।

ख. बीमा, मेडिकल भत्ता र PF आदिको सुविधा पाउने छैन।

ग. मासिक तलबमा प्रचलित कानुन अनुसारको कर लागू हुनेछ। यात्रा र दैनिक भ्रमण भत्ता प्रचलित पालिकाको नियम बमोजिम हुनेछ।

घ. बिदाको प्रक्रिया गाउँपालिकाले तोकेको कर्मचारी नीति र नियम बमोजिम हुनेछ।

**१४. पर्यवेक्षण र प्रशासनिक नियन्त्रण:**

माछा क्लस्टर परिचालकको विदा तथा भ्रमण आवेदनको सिफारिस र कार्य प्रदर्शनको मूल्याङकन आदि प्रशासनिक रूपमा माछा क्लस्टर अनुगमन तथा योजना तर्जुमा उप समितिको सचिबले गर्नेछ। उनी प्राविधिक रूपमा माछा क्लस्टर विकास समिति प्रति उत्तरदायी हुनेछ।

शत्रुघ्न यादव
प्रमुख प्रशासकीय अधिकृत

उदय कुमार बरुरिया यादव
नगर प्रमुख

Scanned with CamScanner